जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ८५ २०८२ साल कात्तिक १२ गते बुधबार (29 Oct 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : छठ महापर्व : प्रकृति,... ३ पृष्ठमा : विषादी मिसिएको पानीले ... ३ पृष्ठमा : भारतमा चक्रवात 'मोन्था' को ...

# विभिन्न व्यक्तिलाई धम्की र डरत्रास देखाई रकम असुल्ने पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

विभिन्न व्यक्तिलाई धम्की र डरत्रास देखाई ह्वाट्सएपमार्फत फोन गरी मोटो रकम उसुल गरेको आरोपमा एक जनालाई सप्तरी प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको छ।

ह्वाट्सएपबाट फोन गरी धम्की दिएर विभिन्न बैंक खाता मार्फत मोटो रकम ठग्ने विराटनगर महानगरपालिका वडा नं. १६ घर भएका २७ वर्षीय अभिनन्द कुमार यादवलाई प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको हो।

पक्राउ परेका यादवले दुई बर्षअघि ह्वाट्सएप मार्फत फोन गरेर 'तपाईको छोरा मेरो कब्जामा छ' भन्दै डर त्रास देखाई छोरा जस्तै व्यक्तिलाई कुटपिट गरेको भिडियो र आवाज पठाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाएर विभिन्न व्यक्तिबाट कुल १४ लाख ४० हजार रुपैयाँ ठगी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

बि.स. २०८० फागुन ६ गते मन्जु देवी सारदाबाट १२ लाख ८० हजार रुपैयाँ, फागुन ८ गते मुकेश कुमार सिंहबाट एक लाख र राज कुमारी देवीबाट ६० हजार रुपैयाँ ठगी गरेको जाहेरीको आधारमा यादवलाई पक्राउ गरिएको उनले बताए।

मन्जुलाई ह्वाट्सएपमा फोन गरेर 'तपाईको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने बमोजिम रकम पठाउनु' भन्दै डर त्रास देखाई छोराजस्तै व्यक्तिलाई कुटपिट गरेको भिडियो र आवाज पठाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाएर ठगेको थियो।

यस्तै राजकुमारीलाई सोही माध्यबाट फोन गरी 'तपाईको छोरा मलेसियामा करणी मुद्दामा फसेको छ' भन्दै पाँच लाख रुपैयाँ मागी, ग्लोबल आईएमई बैंकको खातामा ६० हजार रुपैयाँ ठगी गरेर यादव फरार रहँदै आएका थिए।

त्यस्तै सोही दिन मुकेश कुमार सिंहका बुवालाई फोन गरी 'तेरो छोराले सानो बच्चालाई अपहरण गरेर लैजाँदै गरेको अवस्थामा तिम्रो छोरालाई हामीले पक्राउ गरेका छौ, तिमीले आफ्नो छोराको रिहाई चाहान्छौ भने कोहि कसैलाई कुनै कुराको जानकारी नगराउनु अरुले थाहा पाए तेरो छोरालाई काटी मारी फालि दिन्छु' भन्दै डर, त्रास र धम्की दिएर मोटो रकम ठगी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# सङ्खुवासभाको किमाथाङ्का केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, ११ कात्तिक (रासस)।

सङ्खुवासभा जिल्लाको उत्तरी क्षेत्र किमाथाङ्का आसपास केन्द्रबिन्दु भएर भूकम्प गएको छ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार सङ्खुवासभा जिल्लाको किमाथाङ्का आसपास केन्द्रबिन्दु भएर मंगलबार बिहान ७ बजेर ३२ मिनेट जाँदा चार दशमलव तीन रेक्टर स्केलको भूकम्प गएको हो।

भूकम्पबाट क्षति भएको/नभएका सम्बन्धमा सोधपुछ भैराखेको र हालसम्म एकीन जानकारी नआएको जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाले जनाएको छ।

यसअघि यही कात्तिक ५ गते बभ्काङको हेमन्तवाडा आसपास केन्द्रबिन्दु भएर तीन दशमलव नौ रेक्टर स्केलको भूकम्प गएको थियो। नेपाल हिमालय क्षेत्र भएकाले विभिन्न समयमा सानाठूला भूकम्प जाने गरेको छ।

# सिन्धुलीमा कार दुर्घटना हुँदा एकको मृत्यु

सिन्धुली, ११ कात्तिक (रासस)।

बिपी राजमार्गअन्तर्गत सुनकोसी गाउँपालिका-६ चैनपुरमा मंगलबार कार दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। विराटनगरबाट काठमाडौं जाँदै गरेको बा ७ च ७५५४ नम्बरको कार अनियन्त्रित भई सडकबाट ४२ फिट तल खसेको छ।

दुर्घटनामा परी एकै परिवारका तीन जना घाइते भएका थिए। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीका अनुसार मोरङको विराटनगर उपमहानगरपालिका-१७ का ६५ वर्षीय ओमबहादुर अर्जेलले चलाएको कार आफैं अनियन्त्रित भई दुर्घटना भएको हो।

दुर्घटनापछि प्रहरीले घाइतेको उद्धार गरी उपचारका लागि आत्मीय सामुदायिक अस्पताल खाल्टे लगेको थियो। उपचारका लागि अस्पताल लगिए पनि ओमबहादुरको मृत्यु भएको प्रनाउ सुवेदीले बताउनुभयो। मृतकका श्रीमती ४९ वर्षीया सुनिता अर्जेलको अवस्था गम्भीर रहेको छ। उहाँका छोरा ३१ वर्षीय निशान्त अर्जेलको आत्मीय सामुदायिक अस्पताल खाल्टेमा प्राथमिक उपचारपछि थप उपचारका लागि धुलिखेल अस्पताल पठाइएको छ।

# उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठ सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठ पर्व सम्पन्न भएको छ। पञ्चमी तिथिका दिन आइतबार मध्यरातपूर्वदेखि निराहार व्रत बसेका बर्तालुले मंगलबार सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठ सम्पन्न गरेका हुन्।

षष्टी तिथिमा निराहार व्रत गरिन्छ। यसरी निर्जला व्रत अहिले बिहान सूर्योदयसँगै सम्पन्न गरिएको हो।

मंगलबार बिहान ६:१२ बजेको समयमा सूर्योदय हुने मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गमा उल्लेख छ। अधिकांश भेगमा मंगलबार बिहान झिसमिसेदेखि नै धुम्म बादल लाग्दा सूर्यदेव देखिन ढिलो भएको थियो। मंगलबार बिहान बादल लागेर मौसम सफा नहुँदा घाम देखिन बर्तालुले निकै बेर पर्खनुपरेको छ। घाम झुल्केको देखेपछि अर्घ्य दिएर बर्तालुले पर्व सम्पन्न गरेका हुन्।

पञ्चमीका दिन पनि दिनभरि निराहार उपवास बसेका बर्तालुले राति सक्खरमा पकाइएको खिरमात्र खाएका थिए। बर्तालुले ३० घण्टा बढीको निराहार व्रतपछि मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै 'भोरका अरख' सम्पन्न गरेका हुन्। सूर्यदेवलाई सप्तमीका दिन बिहान अर्घ्य दिएर व्रत सम्पन्न गरिने विधिलाई मिथिलाको बोलीचालीमा 'भोरका अरख' वा 'पारन' भनिन्छ।

बर्तालुले यसपालि गत शनिबार कात्तिक शुक्ल चतुर्थी तिथिका दिन 'नहाय-खाय' विधिबाट पर्व सुरु गरेका थिए। माछामासु, लसुनप्याज, मुसुरो र कोदोसहितका विधिमा अशुद्ध मानिएका खानेकुरा वर्जित गरी अरवा सात्विक भोजन गरिने हुँदा यो विधिलाई 'अरबाअरबाइन' पनि भनिन्छ। त्यसैगरी, गत आइतबार पञ्चमीका दिन 'खरना' र सोमबार षष्ठी तिथिका दिन निराहार व्रतकै बीच साँझपख अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिँदै 'सभ्काुका अरख' सम्पन्न गरेका थिए। 'सभ्काुका अरख'लाई मिथिलामा 'सभ्कियाघाट' पनि भन्ने गरिन्छ।

सूर्यदेव र उहाँकी पत्नी षष्ठी (मैथिली बोलीचालीमा छठी)को आराधना गरिने यो पर्वको प्रभावले रोग नलाग्ने, रोगव्याध निको हुने, सन्तान सुख प्राप्त हुने र अन्य मनोवाञ्छित फल प्राप्त हुने मैथिल जनविश्वास छ। मुख्यत यो व्रतको प्रभावले छालाजन्य रोग कहिल्यै नलाग्ने विश्वास गरिन्छ।

# छठ मनाउने क्रममा पोखरीमा डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

छठ मनाउने क्रममा सप्तरीको कञ्चनरुप नगरपालिकामा मंगलबार डुबेर एक पुरुषको मृत्यु भएको छ।

नगरपालिकाको वडा नं. ८ स्थित डिठा पोखरीमा छठ मनाउने बेलामा गएका सोही नगरपालिका वडा नं. ९ निवासी ५० वर्षीय सुर्जा भनिने सुरज राम पोखरीमा डुबेर मृत्यु भएको हो।

राम मादक पदार्थ सेवन गरी पोखरीमा पौडी खेल्ने क्रममा बेपत्ता भई डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।

उनले मृतक रामको शवलाई पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको बताए।

**सम्पदाको संरक्षण गरौं ।**

❖ देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,

❖ राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,

❖ राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

हाम्रो सम्पदा, हाम्रो पहिचान
सबै मिली गरौं संरक्षण !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विद्यालयमा मातृभाषामा पठनपाठन अझ अन्यौलमै

आफ्नै मातृभाषा सबैलाई प्यारो हुन्छ । कम्तिमा मातृभाषामै पठनपाठन गराइए विद्यार्थीले थोरै भएपनि आफ्नो मातृभाषाप्रति ज्ञान पाउनेछन् । तर, त्यो गरिएको देखिदैन् । सप्तरी जिल्लामा कुनै पनि विद्यालयले हालसम्म एउटा पनि कक्षामा मातृभाषा सम्बन्धी शिक्षाका लागि पाठ्पुस्तक पढाउनेमा रुची देखाउन सकेको छैन् । मातृभाषाका पाठ्य सामाग्रीहरु तयार भइसके पनि त्यसको व्यवहारमा प्रयोग हुन सकेको छैन ।

सरकारले हरेक हरेक वर्ष २१ फरवरीका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइए पनि औपचारिकताका बाहेक केही हुन सकेको देखिदैन । कुनै पनि दिवस मात्र एक दिनका लागि मनाउँदैमा कुनै पनि मातृभाषाले यथोचित न्याय पाउने छैन । हरेक मातृभाषीले जबसम्म आफ्नो मातृभाषाको यथोचित सम्मान र संवैधानिक रुपमा मान्यता पाउँदैन, तबसम्म नेपालमा बोलिने विभिन्न मातृभाषा फस्टाउन सक्ने अवस्था हुँदैन । हरेक मातृभाषीको आफ्नै मातृभाषामा कम्तीमा प्राथमिक तहको पठनपाठन गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । तर, हालसम्म मैथिली, भोजपुरी, अवधि, थारु जस्ता मातृभाषाहरुको अवस्था दनयीन छ ।

तीनै तहका सरकार यसप्रति संवेदनशील बन्नु जरुरी छ । तसर्थ यसका लागि कम्तिमा स्थानीय तहले मातृभाषाको संरक्षण र सम्वर्द्धनमा यथोचित ध्यान पुऱ्याउनु आजको आवश्यकता हो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# छठ महापर्व : प्रकृति, आस्था र स्वदेशी विश्वव्यवस्थाको जीवन्त घोषणा

**सन्तोष मेहता**

छठ पर्वको उत्पत्ति प्राचीन सौर्य सम्प्रदायसँग जोडिएको छ, जुन सिन्धु घाटी सभ्यताको पछि मानवको प्रकृति-पूजाको सबैभन्दा पुरातन रूप मानिन्छ ।

साम्ब पुराणले सौर्य सम्प्रदायलाई नै प्राचीनतममध्ये एक बताउँछ । तथ्यांकको दृष्टिले हेर्दा, मगध साम्राज्य (लगभग ६४८ इसापूर्व) र बज्जी गणराज्य (लगभग ६औं शताब्दी इसापूर्व) को कालदेखि नै यो परम्परा प्रचलनमा रहेको प्रमाण पाइन्छ । मगधका राजा जरासन्ध र उनका वंशजहरू सौर्य उपासक थिए भन्ने ऐतिहासिक उल्लेख छ । यसै कारणले मधेश, बिहार र आसपासका क्षेत्रहरूमा सूर्य मन्दिरहरूको एउटा लामो शृङ्खला पाइन्छ, जसमा देव (बिहार) को प्रसिद्ध देव सूर्य मन्दिर, कोणार्क ( ओडिशा) को सूर्य मन्दिर, र उत्तराखण्डको कटारमल सूर्य मन्दिर प्रमुख उदाहरण हुन् ।

एउटा रोचक कथा प्रचलित छः भगवान श्रीकृष्णका पुत्र साम्बलाई कुष्ठ रोग भएपछि, ऋषिहरूको सल्लाहमा उनले सूर्यदेवको तपस्या गरे र चन्द्रभागा नदीमा स्नान गरी सूर्यलाई अर्घ्य दिए । यसले गर्दा उनको रोग निको भयो र उनले देवमा सूर्य मन्दिरको स्थापना गरे । यो कथा सूर्य उपासनाको चिकित्सकीय महत्त्वलाई पनि इंगित गर्दछ ।

धार्मिक दृष्टिकोणबाट हेर्दा, छठमा सूर्यलाई भौतिक ऊर्जा, प्रकाश, आरोग्य, आयु र मोक्षको प्रतीक मानिन्छ । वेदहरूमा सूर्यलाई सम्पूर्ण जीवनको आधार भनिएको छ । ऋग्वेदको एक अन्य मन्त्रमा भनिएको छस् 'सूर्य आत्मा जगतस्तस्थुषश्च' अर्थात सूर्य नै स्थिर र गतिशील सम्पूर्ण जगतको आत्मा हुन् ।

छठी माईको अवधारणा पनि यही सौर्य शक्तिसँग जोडिएको छ । लोकमान्यता अनुसार, छठी माई सूर्यदेवकी बहिनी हुन् र संतानहरूको रक्षिका हुन् । नेपाल र बिहारमा शिशुको जन्मको छैठौं दिन छठियार पूजा गरिन्छ, जसको कारण यो देवीलाई 'छठी माई' भनिएको हो । वास्तवमा, छठी माई भनेको प्रकृतिको सम्पूर्ण शक्तिको समन्वित रूप हो - सूर्यको ऊर्जा, जलको शुद्धता, पृथ्वीको उर्वरा शक्ति, वायुको प्राण र अग्निको तेज ।

**सूर्यको स्पर्शः प्राचीन आयुर्वेद र आधुनिक विज्ञानको अद्भूत मिलन**

छठ पर्वको वैज्ञानिक आधार अत्यन्त रोचक र महत्त्वपूर्ण छ । कात्तिक महिनामा सूर्यको किरण विशेषगरी स्वास्थ्यवर्धक हुन्छन् । आयुर्वेदिक ग्रन्थहरूमा उल्लेख छः'कार्तिके षष्ठी तिथौ सूर्यस्य किरणाः सर्वव्याधिहरणाः' अर्थात कार्तिक महिनाको षष्ठी तिथिमा सूर्यको किरणले सम्पूर्ण रोगहरूलाई नष्ट गर्छ ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, सूर्योदय र सूर्यास्तको समयमा पराबैजनी किरणहरू ( अल्ट्राभ्वाइलेन्ट) र अवरक्त किरणहरू (इन्फ्रारेड) को मात्रा सन्तुलित हुन्छ । यी किरणहरूले विभिन्न रोगका किटाणुहरूलाई नष्ट गर्छन् र शरीरमा भिटामिन डी को संश्लेषणलाई बढाउँछन् । यसैले छठको बेला नदी वा तालाउमा स्नान गर्दा चर्मरोग, पीलिया, हृदयरोग लगायतका रोगहरूमा लाभ हुने विश्वास गरिन्छ । सूर्य चिकित्साको सिद्धान्तअनुसार शरीरमा रहेका विभिन्न रङहरू (क्रोमोथेरेपी) को असन्तुलनले रोग उत्पन्न हुन्छन् र सूर्यको किरणले यसलाई सन्तुलित गर्न मद्दत गर्छ ।

विशेषगरी, नवजात शिशुहरूलाई पीलियो भएको अवस्थामा सूर्योदयको किरणमा राख्ने चलन छ । यसले गर्दा शिशुको शरीरमा अल्ट्राभायलेट किरण पर्छ र पिगमेन्ट सेल्समा रासायनिक प्रतिक्रिया भई बिलिरुबिन तत्त्वको विघटन भई पीलियो रोग निको हुन्छ । आधुनिक चिकित्सा विज्ञानले पनि जन्मिएका बच्चाहरूलाई कृत्रिम अल्ट्राभायलेट किरणयुक्त ल्याम्प (फोटोथेरेपी) मा राख्ने गर्छ, जुन छठको वैज्ञानिक आधारलाई प्रत्यक्ष रूपमा पुष्टि गर्दछ ।

सूर्यको रासायनिक संरचनामा हाइड्रोजन (७३ प्रतिशत), हिलियम (२५ प्रतिशत) र अन्य तत्त्वहरू जस्तैः आइरन, निकेल, अक्सिजन, सिलिकन, सल्फर, म्याग्नेसियम, कार्बन, नियोन, क्याल्सियम, क्रोमियमलगायत तत्त्वहरू पाइन्छन् । यी तत्त्वहरूबाट सात रङ्गको किरण (भिबग्योर) उत्पन्न हुन्छ, जुन शारीरिक उपचार र जीव विकास क्रमको प्रमुख द्योतक हुन् । छठमा डुब्दो र उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ, किनभने यी दुई समयमा सूर्यको किरणहरूले मानिसमा हुने रासायनिक प्रतिक्रिया फरक हुन्छ भन्ने वैज्ञानिक मान्यता छ ।

**समानताको सागर : जहाँ जलासयको घाटमा लोप हुन्छ सबै भेदभाव**

छठको सबैभन्दा महत्त्वपूर्ण पक्षहरूमध्ये एक हो यसको सामाजिक समरसता र सामुदायिकताको भावना । यो पर्व आफ्नो पुरोहितविहीन, निर्मध्यस्थ स्वरूपका कारण विशेष बन्छ । यहाँ जात, वर्ण, धन, शिक्षा वा सामाजिक प्रतिष्ठाको कुनै भेदभाव छैन । गंगा, कोसी, गण्डक, कर्णाली आदि नदीहरूका घाटमा सबै व्रतीहरू एकनास रूपमा उभिएर अर्घ्य दिन्छन् - चाहे त्यो मन्त्री होस् वा मजदूर, उद्योगपति होस् वा किसान, ब्राह्मण होस् वा दलित ।

यो परम्परा प्राचीन बज्जी गणराज्यको लोकतान्त्रिक चेतनासँग जोडिएको छ, जहाँ सामूहिक सहभागिता र समानताको भावना प्रबल थियो । बौद्ध ग्रन्थ 'महापरिनिब्बान सुत्तमा भगवान् बुद्धले बज्जी गणराज्यको सात अपरिहाणीय धम्महरूको प्रशंसा गर्दै भनेका थिए, जबसम्म लिच्छवी गणतन्त्रमा सबैको समान भागीदारी रहनेछ, तबसम्म उनीहरूको उन्नति हुँदै रहनेछ । छठ पर्वले यही लोकतान्त्रिक भावनालाई आजसम्म जीवित राखेको छ ।

यसैगरी, छठ पर्वले धार्मिक सीमालाई पनि नाघेको छ, जसले बहुलताको दर्शनलाई जन्म दिन्छ । हिन्दु, मुस्लिम, बौद्ध, जैन- सबै समुदायका मानिसहरूले यसलाई श्रद्धापूर्वक मनाउँछन् । बिहारको बेगूसराय, मुजफ्फरपुर, वैशाली, समस्तीपुर जस्ता जिल्लाहरूमा धेरै मुस्लिम परिवारहरूले पनि छठ व्रत पालना गर्छन् । यी परिवारहरू गर्वका साथ भन्छन्- उनीहरू रमजानको रोजा पनि राख्छन् र छठको व्रत पनि । दुवै परम्पराहरू उनीहरूको पहिचानको अंग हुन् ।

बाँसको सुप, दउरी, माटोको दियो बनाउने कारीगरहरूमा डोम, माली, लहेरीजस्ता विभिन्न जाति र समुदायका मानिसहरू सामेल हुन्छन् । कुम्हार समुदायका मुस्लिम कारीगरहरूले माटोका दियो बनाउँछन् भने लहेरी वा मालाकार समुदायका मुस्लिम कारीगरहरूले फूलको माला, धागोको लहठी र सजावटको सामग्री तयार पार्छन् । यी सबैले गर्दा छठ पर्व सामाजिक एकताको प्रतीक बनेको छ ।

**पृथ्वीको गीत : कृतज्ञताको अन्न, स्वदेशी अर्थतन्त्र र हरित दर्शन**

छठ पर्व कृषि प्रधान संस्कृतिसँग गहिरो रूपमा जोडिएको छ । कार्तिक महिनामा धानको कटाई पूरा भएपछि किसानहरूले आफ्नो उपजको कृतज्ञतास्वरूप यो पर्व मनाउँछन् । ऋग्वेदमा भनिएको छः 'कृषिं च कर्षणीं चू अर्थात कृषि नै जीवनको आधार हो । छठ वास्तवमा कृषि जीवनको कृतज्ञताको महापर्व हो । किसानले आफ्नो खेतबाट उब्जाएको अन्न, तरकारी र फलफूल नै देवतालाई अर्पण गर्छ, जसले गर्दा यो पर्व आत्मनिर्भर र स्थानीय अर्थतन्त्रको पनि प्रतीक बन्छ ।

यस पर्वमा प्रयोग हुने सबै सामग्रीहरू स्थानीय र मौसमी उत्पादनहरू हुन् । ठेकुआ, भुसवा जस्ता पारम्परिक पकवानहरू गहुँको पीठो, गुड र घीबाट बनाइन्छ । गन्ना, नरिवल, केरा, सुन्तला, अदुवा, मुला, गाजर, अरबी, सुथनी लगायत स्थानीय उत्पादनहरू नै प्रसादको रूपमा प्रयोग गरिन्छ । यसले स्थानीय अर्थतन्त्रलाई सहयोग पुऱ्याउँदै स्वदेशी चेतना (इन्डिजिनियस कन्सियन्स) को सन्देश दिन्छ ।

पर्यावरणीय दृष्टिले पनि छठ पर्व अत्यन्त महत्त्वपूर्ण छ । यस पर्वमा प्लास्टिक वा अन्य अपघटन नहुने वस्तुहरूको प्रयोग हुँदैन । बाँसको सामग्री, माटोको दियो, पत्तल आदि प्रयोग गरिएकाले यो पर्व पर्यावरणमैत्री छ । आजको युगमा जब सम्पूर्ण विश्व कार्बन फुटप्रिन्ट घटाउने कुरा गर्दछ, छठ पर्वले सयौं वर्षदेखि यही सन्देश दिँदै आएको छ - स्थानीय उत्पादन, न्यूनतम प्रसंस्करण, प्रकृतिसँगको तालमेल । घाटहरूमा प्रसाद र सामग्री बोक्नका लागि प्लास्टिकको झोला प्रयोग नगरी बाँसको टोकरी वा कपडाको थैलो प्रयोग गरिन्छ, जुन आधुनिक पर्यावरण आन्दोलनहरूको लागि पनि प्रेरणादायी छ ।

**शान्तिको मार्ग : बौद्ध दर्शन र छठको दार्शनिक आत्मीयता**

छठ पर्व र बौद्ध धर्मबीच पनि गहिरो सम्बन्ध रहेको छ । यो सम्बन्ध केवल ऐतिहासिक मात्र होइन, बरु दार्शनिक पनि हो । बौद्ध साहित्य, विशेषगरी पालि त्रिपिटकमा सूर्य र प्रकृतिप्रति गहिरो सम्मान प्रदर्शन गरिएको छ । 'अंगुत्तर निकायुमा सूर्यलाई 'लोकचक्खु' (जगतको आँखा) भनिएको छ - ठीक छठमा सूर्यको पूजा गरिने ढंगजस्तै । 'महासतिपट्ठान सुत्त'मा पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) मा ध्यान लगाउने उपदेश दिइएको छ - र छठ यही पञ्चतत्वको सामूहिक आराधना हो ।

बौद्ध धर्ममा प्रकृतिप्रति कृतज्ञताको भाव केन्द्रीय छ । छठ पनि मूलतः कृतज्ञताको पर्व हो ( ती प्राकृतिक शक्तिहरूप्रति जसले हाम्रो जीवनलाई सम्भव बनाउँछन् । लोकमान्यता अनुसार, भगवान् बुद्धको जन्मपछि उनकी आमा वा फुआले सन्तानको दीर्घायुको लागि छठ व्रत गरेकी थिइन् । यद्यपि यसको प्रत्यक्ष साक्ष्य बौद्ध ग्रन्थहरूमा पाइँदैन, तर यो लोकविश्वास दुवै परम्पराबिचको घनिष्ठतालाई देखाउँछ ।

बौद्ध परम्परामा पनि 'हारीती' नामक देवी छिन् जो शिशुहरूको रक्षिका मानिन्छिन् । यो समानता पुनः दुवै परम्पराहरूबीच सांस्कृतिक आदानप्रदानको संकेत दिन्छ । यसले प्रमाणित गर्दछ कि छठ पर्व विभिन्न धार्मिक परम्पराहरूको समन्वयको फल हो । बिहार र नेपालका धेरै बौद्ध गृहस्थहरूले पनि छठ व्रतलाई आफ्नो सांस्कृतिक अभ्यासको रूपमा अपनाएका छन् ।

व्रतीहरूले छठको अवधिमा पूर्ण रूपमा सात्विक जीवन अपनाउँछन्, न प्याज-लसुन, न कुनै प्रकारको अशुद्धता । व्रतीको लागि अलग रसोई, अलग भाँडाकुँडाको व्यवस्था गरिन्छ । यो साधना व्यक्तिलाई भौतिकतावादी दुनियाबाट टाढा लगेर आत्मिक शान्ति र सन्तुष्टिको अनुभूति गराउँछ । यो पर्व आफ्नो सादगी, सात्विकता र गहिरो आध्यात्मिकताका कारण आधुनिकता र वैश्वीकरणको चपेटामा पनि आफ्नो मौलिकताको साथ जीवित रहेको छ ।

**बजारवादको विद्रोह : माटोको दियो, बाँसको सुप र स्वदेशीको जयघोष**

छठ पर्वले हाम्रो स्वदेशी चेतनालाई जगाउने काम गर्दछ । यो त्यो दुर्लभ पर्व हो, जसले आधुनिकीकरण र वैश्वीकरणको तुफानमा पनि आफ्नो मौलिकतालाई पूर्ण रूपमा बचाएर राखेको छ । छठमा न कुनै भव्य मूर्ति छ, न कुनै विशाल मन्दिर, न सुन-चाँदीको देवावटीपन । नदीको साधारण घाट नै पुजास्थल हो, बाँसको साधारण दउरी नै पुजन पात्र हो, र माटोको साधारण दीयो नै आलोक स्रोत हो । यो सादगी नै छठको सबैभन्दा ठुलो विशेषता हो, यसले देखाउँछ कि आध्यात्मिकताको लागि न त भव्य भवनहरूको आवश्यकता छ, न महँगो आयोजनहरूको ।

जहाँ अन्य आधुनिक पर्वहरूमा बजारीकरण हाबी भएको छ, त्यहाँ छठले आफ्नो लोक-परम्परालाई अक्षुण्ण राखेको छ । कुनै बहुराष्ट्रिय

*बाँकी तीन पृष्ठमा*

# विषादी मिसिएको पानीले कुलेखानीको माछा उत्पादनमा ह्रास

हेटौँडा, ११ कात्तिक (रासस)।

मकवानपुरको प्रसिद्ध कुलेखानी जलाशय (इन्द्रसरोवर) मा पछिल्लो वर्षमा माछाको तौलका साथै उत्पादन घट्दै गएको छ। मत्स्यविकास केन्द्र कुलेखानी र इन्द्रसरोवर मत्स्य व्यवसायी सङ्घका अनुसार ताल वरपरका गाउँमा हुने व्यावसायिक तरकारीखेतीमा प्रयोग गरिने रासायनिक विषादी माछाको वृद्धि घट्नुको मुख्य कारण बनेको हो।

करिब सात किलोमिटर लामो र ११ हजार १५६ घनमिटर क्षेत्रफलमा फैलिएको इन्द्रसरोवरमा हाल ४०० वटा केज (पिँजरा) राखेर प्रतिघनमिटर चार दशमलव पाँच किलोका दरले माछा उत्पादन भइरहेको इन्द्रसरोवर मत्स्य व्यवसायी सङ्घका उपाध्यक्ष विकास बलामीले जानकारी दिनुभयो। पछिल्ला वर्षमा माछाको औसत तौल र सङ्ख्या दुवै घट्दो क्रममा रहेको सङ्घले जनाएको छ।

बलामीका अनुसार तरकारीखेतीमा प्रयोग गरिने कीटनाशक र रासायनिक मल बर्सातको समयमा खोलानाला हुँदै तालमा मिसिन्छ। उहाँले भन्नुभयो, “यो विषादी मिसिएको पानी तालमा पुग्दा माछाको प्राकृतिक खाना (माछाले खाने सुक्ष्म जीवहरू जसलाई प्लाङ्कटन भनिन्छ) र सूक्ष्म जीवमा असर पुग्छ, जसले गर्दा माछा पहिले जस्तो गतिमा बढ्दैनन्।”

विशेषगरी सिल्भर कार्प, बिगहेड र ग्रास कार्पजस्ता चिसो पानीमा हुर्कने जातका माछा बढी प्रभावित भएका छन्। यी माछा प्राकृतिक रूपमा पाइने हरियो शैवाल र साना जीवजन्तुमा भर पर्छन्। विषादीले ती स्रोतहरू नष्ट गर्दा माछाको तौल र वृद्धि दुवैमा कमी आएको मत्स्य व्यवसायी सङ्घका उपाध्यक्ष बलामीले उल्लेख गर्नुभयो।

उहाँका अनुसार सङ्घले हाल ६५० परिवारलाई शेयर सदस्य बनाई माछा उत्पादन, बिक्री र लाभांश बाँडफाँटको व्यवस्था गरेको छ। यसै आम्दानीले विद्यालय सञ्चालनदेखि सामुदायिक पूर्वाधार मर्मतसम्म सहयोग पुग्ने गरेको छ।

माछा व्यवसायी एवं होटल सञ्चालक पूर्ण थापा मगरका अनुसार विषादीको असरले तालको पारिस्थितिक सन्तुलन बिग्रँदै गएको छ। उहाँले भन्नुभयो, “पहिले दुई किलोसम्म हुर्किने माछा अहिले डेढ किलो पुग्न पनि गाह्रो छ, माछाको प्राकृतिक खाना घटेकाले पनि तिनीहरूको वृद्धि क्षमता घट्दै गएको हो।” उहाँले आफ्नो होटलमा राखिने परिकारमध्ये कुलेखानी तालको माछा विषेश मान्ने गरिएको बताउनुभयो।

ताल वरपरका गाउँमा स्थानीय समुदायले माछापालनलाई मुख्य आम्दानीको स्रोत बनाएका छन्। माछा बिक्रीबाट आउने आम्दानीले गाउँको विद्यालय सञ्चालन, सडक मर्मत र सामुदायिक विकासमा ठूलो योगदान पुऱ्याउँदै आएको छ। माछाको आकार घटेपछि कृषकले अहिले आर्थिक घाटा बेहोर्नुपरेको मगरले बताउनुभयो।

कुलेखानी-कलङ्कीका युवा संसार बलामीका अनुसार, तालमा माछा हाल्ने, हेरचाह गर्ने र बिक्री वितरणको काम इन्द्रसरोवर मत्स्य व्यवसायी सङ्घले गर्छ। उहाँले भन्नुभयो, “तालले गाउँका सयौँ घरलाई रोजगारी दिएको छ, तर माछा साना हुन थालेपछि आम्दानी घटेको छ, जसले गाउँको अर्थतन्त्रमा पनि असर पारेको छ।” ताल र माछाको कारण पर्यटन प्रवर्द्धन भएको उहाँको भनाइ छ।

**सरकारी निकायको दृष्टिकोण**

मत्स्यविकास केन्द्र कुलेखानीकी निमित्त प्रमुख मनिता पौडेलले विषादीका कारण माछाको तौल घट्नु गम्भीर विषय भएको बताउँदै यसको वैज्ञानिक अध्ययन सुरु गरिएको जानकारी दिनुभयो। “हालै गरिएको परीक्षणमा पानीमा रासायनिक अंशको मात्रा सामान्यभन्दा माथि पाइएको छ, त्यसैले यसले माछाको वृद्धि दरमा असर पारेको हुनसक्छ”, उहाँले भन्नुभयो।

निमित्त प्रमुख पौडेलका अनुसार केन्द्रले हाल सिल्भर कार्प, बिगहेड, कमन कार्प, ग्रास कार्प, रहु, नैनी, भाकुर, टिलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरी बिक्री गर्दै आएको छ।

हरेक वर्ष भदौ महिनाको तेस्रो साता करिब दुई लाख भुरा माछा तालमा छाड्ने गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार कुलेखानीको माछा प्रायः स्थानीयस्तरमै खपत हुने भएकाले यसको गुणस्तर जोगाउन तालको पानीको स्वच्छता अत्यावश्यक छ। त्यसैले केन्द्रले विद्यालय र समुदायमा जलाशय संरक्षण र स्वस्थ मत्स्यपालनका तालिम सञ्चालन गर्दै आएको छ।

**विषादी र वातावरणीय असर**

मकवानपुरको थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकामा व्यावसायिक तरकारीखेती तीव्र गतिमा फैलिँदै गएको छ। किसानले उत्पादन बढाउने उद्देश्यले कार्बोफुरान, मालाथियान, डाइक्लोरोभोसजस्ता विषादी प्रयोग गर्ने गर्छन्, जसले पानी र माटोमा दीर्घकालीन असर पुऱ्याउँछ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौँडाका प्रमुख सरोज यादवले विषादीले माछाको प्राकृतिक खाना र शरीरमा क्षति पुग्ने भएकाले उत्पादन र तौलमा कमी आएको जानकारी दिनुभयो।

“विषादीले पानीको रासायनिक संरचना परिवर्तन गर्छन्, माछाको अण्डा फुट्ने दर घट्छ, आन्द्रा र गिल्समा क्षति पुग्छ”, उहाँले भन्नुभयो, “यदि विषादी मिश्रित पानी आइरहेको छ भने यसलाई नियन्त्रण गर्न जरुरी छ अन्यथा कुलेखानी तालको जैविक विविधता मात्र होइन, स्थानीय खानेपानी र पर्यटन अर्थतन्त्र पनि प्रभावित हुन सक्छ।”

**सम्भावित समाधान र सचेतना**

मत्स्यविकास केन्द्र र सङ्घले ताल वरपरका किसानलाई जैविक मल र पर्यावरणमैत्री खेती प्रणाली अपनाउन प्रोत्साहन गर्ने योजना बनाउन जरुरी रहेकामा केन्द्रका प्रमुख यादवले जोड दिनुभयो। साथै, तालमा मिसिने पानी शुद्धीकरण गर्ने प्रविधि पोखरी निर्माण भएमा समाधान हुने उहाँले उल्लेख गर्नुभयो।

# माछापुच्छ्रे आधार शिविर माथि हिमपात

गण्डकी, ११ कात्तिक (रासस)।

कास्कीको अन्नपूर्ण आधार शिविर जाने पदमार्गअन्तर्गत माछापुच्छ्रे आधार शिविर माथि अन्नपूर्ण आधार शिविर क्षेत्रमा हिमपात भएको छ।

अन्नपूर्ण आधार शिविर क्षेत्रमा सोमबार बेलुकादेखि हिमपात भएको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका अध्यक्ष जगनरास गुरुङले जानकारी दिनुभयो। तिहारलगत्तै यस क्षेत्रमा पदयात्रा लागि आउने पर्यटकको सङ्ख्या उत्साहजनक रूपमा बढेको जानकारी दिँदै उहाँले विदेशीभन्दा स्वदेशी पर्यटकको आकर्षण बढिरहेको बताउनुभयो।

हिउँ सामान्य परेका कारण पदयात्रामा आएका पर्यटकलाई कुनै अहसजता भने नभएको उहाँको भनाइ छ। तिहारलगत्तै अन्नपूर्ण क्षेत्रमा पदयात्राको क्रम बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख रविन कडरियाले जानकारी दिनुभयो।

कास्कीतर्फको अन्नपूर्ण आधार शिविरमा सोमबार पुगेका पर्यटक तल झरिसकेको उहाँले जानकारी दिनुभयो। “कास्कीको अन्नपूर्ण आधार शिविरदेखि माछापुच्छ्रे आधार शिविरसम्म हिउँ परेको छ”, उहाँले भन्नुभयो, “त्यहाँभन्दा तल्लो क्षेत्रमा पानी परेको छ, पदयात्रामा जाने पर्यटकलाई सजगता अपनाउन आग्रह गरेका छौँ।”

तिहारयता अन्नपूर्ण आधार शिविरमा आउने पर्यटकमध्ये ८० प्रतिशत आन्तरिक र २० प्रतिशत विदेशी रहेको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङले जानकारी दिनुभयो।

### *छठ महापर्व ...*

कम्पनीले छठलाई आफ्नो उत्पादनसँग जोड्न सकेको छैन, कुनै व्यावसायिक संस्थाले यसलाई आफ्नो मुनाफाको साधन बनाउन सकेको छैन। यो पर्व आज पनि त्यत्तिकै शुद्ध छ जत्ति सयौं वर्षअघि थियो।

छठको प्रसादमा एक पनि आयातित वस्तु हुँदैन। सबै कुरा स्थानीय माटोमा उम्रेको हुन्छः ठेकुआ, भुसवामा गहुँको आटो, गुड, घी, सबै स्थानीय हुन्। गन्ना(उखु), केरा, नरिवल- आफ्नै धरतीको उपज हो। चामलको लावा (देशी धानबाट बनेको हुन्छ। अदुवा, हल्दी, मुला, अरबी आफ्नै खेतबाट खनेको हुन्छ। बाँसको दउरी, सुप, माटोको दियो लगायत स्थानीय शिल्पकारहरूद्वारा निर्मित हुन्छ। यो स्थानीय अर्थव्यवस्थालाई मजबुत बनाउने सबैभन्दा सुन्दर उदाहरण हो। कुनै मल्टीनेसनल कम्पनी, कुनै ठूलो कर्पोरेट, यस पर्वमा उनीहरूको कुनै स्थान छैन। यो पूर्ण रूपमा लोकद्वारा, लोकको लागि आयोजित हुन्छ। यो नै वास्तविक राष्ट्रिय मुक्तिको आधार हो -बहुराष्ट्रिय पूँजीको वर्चस्वबाट स्वदेशी अर्थतन्त्र र सांस्कृतिक अस्मिताको मुक्ति।

**विश्वशान्तिको आधारस्तम्भ : एक विखण्डित मानवताको छठको सन्देश**

आजको युगमा जब सम्पूर्ण विश्व जलवायु परिवर्तन, पर्यावरण संकट र सामाजिक विभाजनले ग्रस्त छ, छठ पर्वले हामीलाई समाधानको मार्ग देखाउँछ। यसले सिकाउँछ कि स्थानीय र मौसमी उत्पादनहरूको प्रयोग, जैव( अपघटनीय सामग्री, न्यूनतम कार्बन फुटप्रिन्ट, स्थानीय कारीगर र किसानहरूलाई सशक्त बनाउने, बहुराष्ट्रिय कम्पनीहरूबाट मुक्ति, बजारीकरणको दौरमा पनि आफ्नो मौलिकतालाई बचाएर राख्ने र जात, धर्म, वर्गभन्दा माथि उठेर मानवीय एकताको भावना नै सच्ची प्रगति हो।

वैश्वीकरणको दौरमा छठ पर्वले हामीलाई आफ्नो सांस्कृतिक जराहरूतर्क फर्कने आह्वान गर्दछ। जब वैशाली, पटना, वीरगन्ज, जनकपुर, विराटनगर, काठमाडौं, मुजफ्फरपुरका घाटहरूमा लाखौं मानिसहरू एकैसाथ 'केलवा जे फरेला घवद से, हो सहिला संगवत से...' गाउँदै सूर्यलाई अर्घ्य दिन्छन्, त्यबेला यो केवल एउटा धार्मिक अनुष्ठान मात्र रहँदैन - यो हाम्रो सांस्कृतिक अस्मिताको जयघोष बन्छ। यो दृश्य हाम्रो सामूहिक चेतनाको शक्तिलाई प्रदर्शन गर्दछ, जुन विश्वमा फैलिएका लाखौं प्रवासी नेपाली र भारतीयहरूले आफ्नो नयाँ घरहरूमा पनि यही भावनासँग मनाउँछन्। न्यूयोर्कको स्टेटन आइल्यान्डमा, टोकियोको कोटा नदीमा, लन्डनको थेम्स नदीको किनारमा छठको मंगलगीत गुञ्छ, जसले गर्दा यो पर्व अब केवल स्थानीय नरही अन्तर्राष्ट्रिय पहिचान बनेको छ।

**सभ्यताको भविष्यः छठले देखाएको मार्ग**

छठ महापर्व हाम्रो सांस्कृतिक विरासत, वैज्ञानिक दृष्टिकोण, सामाजिक एकता र प्रकृति प्रति कृतज्ञताको अद्वितीय संयोजन हो। यो पर्वले सिकाउँछ, सादगीमै सच्ची भव्यता छ, प्रकृतिसँगको सामंजस्यमै सच्ची प्रगति छ, र सबै मानिसहरूको सहभागितामै सच्चो लोकतन्त्र छ। यसले हामीलाई एउटा यस्तो जीवनशैलीको ओर लग्छ जुन टिकाऊ, समावेशी र आनन्ददायी छ।

यो पर्व हाम्रो स्वदेशी चेतनाको ज्योति हो, जसले बजारवादको अन्धकारलाई नकाछ्छ। यो बहुलराष्ट्रवाद को आधारस्तम्भ हो, जसले विभिन्न धर्म र संस्कृतिहरूलाई एकताबद्ध गर्छ। यो सामुदायिकता को प्रतीक हो, जसले व्यक्तिवादलाई समुदायको सेवामा उन्मुख गर्छ। र अन्ततः, यो राष्ट्रिय मुक्ति को मार्ग हो - सांस्कृतिक, आर्थिक र मानसिक रूपमा विदेशी वर्चस्वबाट हाम्रो स्वतन्त्रताको घोषणा हो।

यसरी, छठ महापर्व हाम्रा लागि केवल आस्थाको पर्व होइन, बरु जीवनजस्तो व्यापक र सार्वभौमिक सन्देशको उत्सव हो। यो हाम्रो सांस्कृतिक समृद्धि, धार्मिक सहिष्णुता, सामाजिक समरसता र राष्ट्रिय एकताको त्यो गौरवशाली सन्देश हो जुन सदियौंदेखि अखण्ड छ र आउने पुस्ताहरूको लागि प्रेरणा बनिरहनेछ। हामीलाई हाम्रो जराहरूसँग जोडिरहनेछ, हामीलाई स्वदेशी बनाउनेछ जसले हाम्रो गौरवको बोध गराउँछ, र हामीलाई एउटा समरस, संवेदनशील र प्रकृतिमित्र समाज निर्माण गर्ने ऊर्जा र प्रेरणा दिइरहनेछ। छठको यही सनातन सन्देश नै विश्वशान्ति र सद्भावनाको आधारस्तम्भ हो।

रातोपाटीबाट

## विश्व समाचार

# भारतमा चक्रवात ‘मोन्था’ को प्रभाव : विद्यालय बन्द, हजारौँ नागरिक सुरक्षित स्थानमा सारिए

नयाँदिल्ली, ११ कात्तिक (रासस/एपी)।

भारतको पूर्वी तटलाई लक्षित गर्दै अगाडि बढिरहेको शक्तिशाली चक्रवात ‘मोन्था’ का कारण अधिकारीहरूले विद्यालयहरू बन्द गरेका छन् र तटीय क्षेत्रमा रहेका हजारौं नागरिकलाई सुरक्षित स्थानमा सारिएको छ। बङ्गालको खाडीमा विकसित भएको यो चक्रवात अहिले ‘गम्भीर चक्रवाती आँधी’ मा परिणत भइसकेको छ र दक्षिणी आन्ध्र प्रदेशको बन्दरगाह सहर काकीनाडा नजिकै मङ्गलबार राति अवतरण हुने अनुमान गरिएको भारतीय मौसम विभाग (आइएमडी) ले जनाएको छ। हाल यो आँधी आन्ध्र प्रदेशको मचिलीपट्टनमबाट करिब १६० किलोमिटर दक्षिणपूर्वमा घुमिरहेको छ।

मौसमविद्हरूका अनुसार, चक्रवातको तीव्रता अझ बढ्दै जाने र यसले ९० देखि ११० किलोमिटर प्रतिघण्टासम्मको तीव्र हावा ल्याउने सम्भावना छ। आन्ध्र प्रदेशका १९ जिल्लामा अत्यधिक वर्षाको चेतावनी दिँदै रेड अलर्ट जारी गरिएको छ भने छिमेकी तमिलनाडु, तेलङ्गाना, केरला र कर्नाटकमा पनि मध्यमदेखि भारी वर्षाको सम्भावना छ। राज्य विपद् व्यवस्थापन प्राधिकरणका अनुसार, तटीय क्षेत्रका करिब ३८ हजार मानिसलाई सुरक्षित राहत शिविरहरूमा सारिएको छ। आन्ध्र प्रदेश सरकारले करिब ४० लाख मानिस जोखिम क्षेत्रमा रहेको र चक्रवातबाट प्रत्यक्ष रूपमा प्रभावित हुने अनुमान गरेको छ। राज्य सञ्चार मन्त्री नारा लोकेशका अनुसार, एक हजार ९०६ राहत शिविर र ३६४ विद्यालय आश्रयका रूपमा तयारी गरिएको छ भने एक हजार २३८ कमजोर गाउँमा निकासी अभियान जारी छ।

अधिकारीहरूले बुधबारसम्म विद्यालय र कलेज बन्द गर्न आदेश दिएका छन्। माछा मारेहरूलाई समुद्रमा नजान चेतावनी दिइएको छ भने मङ्गलबार रेल र उडान सेवामा पनि आंशिक अवरोध भएको छ। छिमेकी उडिसा राज्यमा पनि प्राधिकरणले करिब ३२ हजार मानिसलाई जोखिम क्षेत्रबाट सुरक्षित शिविरमा सार्न सुरु गरेको बताएको छ। जलवायु विज्ञहरूका अनुसार, दक्षिण एसियामा यस्ता गम्भीर आँधीबेहरीहरू पछिल्ला वर्षहरूमा बढी तीव्र र अनियमित हुँदै गइरहेका छन्। तातो तापक्रम र हरितगृह ग्यासहरूले उत्पन्न गरेको ग्लोबल वार्मिङले यस्ता चक्रवातलाई अझ चरम बनाइरहेको वैज्ञानिकहरूले बताएका छन्। भारतको पूर्वी तट क्षेत्र चक्रवातप्रति संवेदनशील मानिन्छ। सन् २०२३ मा भारतले हालसालैको इतिहासकै सबैभन्दा विनाशकारी चक्रवातको सामना गरेको थियो, जसमा ५२३ जनाको ज्यान गएको र करिब दुई अर्ब ५० करोड अमेरिकी डलर बराबरको क्षति भएको अनुमान गरिएको थियो।

# बङ्गलादेशमा डेङ्गुबाट ९ सय ८३ नयाँ संक्रमित, छ जनाको मृत्यु

ढाका, ११ कात्तिक (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा सोमबारमात्र ९८३ नयाँ डेंगु सङ्क्रमण दर्ता हुनुका साथै छ जनाको मृत्यु भएको जनाइएको छ। यस वर्ष मात्र हाल सम्म सङ्क्रमितको सङ्ख्या ६६ हजार ४२३ पुगेको तथा मृतकको सङ्ख्या २६९ पुगेको स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशालय (डिजिएचएस) ले जनाएको छ। डिजिएचएसको तथ्याङ्क अनुसार सेप्टेम्बरमा १५ हजार ८६६ तथा अक्टोबरमा अहिलेसम्म १९ हजार ०८१ डेङ्गुका सङ्क्रमित दर्ता भएका छन्। जसका कारण अक्टोबरमा ७१ जना तथा सेप्टेम्बरमा ७६ जनाको मृत्यु भएको जनाइएको छ।

# संयुक्त राष्ट्रसङ्घद्वारा लेबनानमा राष्ट्रसङ्घका शान्ति सेना माथि भएको इजरायली आक्रमणको निन्दा

बेरुत (लेबनान) ११ कात्तिक (रासस/एएनआई)।

संयुक्त राष्ट्र सङ्घ र फ्रान्सले दक्षिणी लेबनानमा संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामाथि भएको इजरायली आक्रमणको निन्दा गर्दै घटनाले अन्तर्राष्ट्रिय कानुन र युद्धविरामको गम्भीर उल्लङ्घन गरेको बताएको अल जजिराले जनाएको छ। संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले सीमावर्ती सहर कफर नजिकै भएको आक्रमणमा इजरायली ड्रोनले शान्ति सेनाको गस्ती नजिकै ग्रेनेड खसाली शान्तिसेनाहरु माथी ट्याङ्क फायर गरेएको जनाउनु भएको छ।

डुजारिकले विभिन्न बाहानामा शान्ति सेनाले बारम्बार इजरायली आक्रमणमको सामना गर्नु परेको बताउनु भएको छ। लेबनानमा संयुक्त राष्ट्रको शान्ति सेना लेबनानी सेनाको साथमा इजरायल र लेबनानी सशस्त्र समूह हेजबुल्लाहबीच युद्धविराम कायम राख्न सङ्घर्षरत छन्, यद्यपि, इजरायली सेनाले निरन्तर युद्धविराम उल्लङ्घन गरी आक्रमण गरेको अल जजिराले जनाएको छ।

यसैबीच फ्रान्सको युरोप र विदेश मामिला मन्त्रालयले अक्टोबर- १,२ र ११ मा भएका घटनाहरू उल्लेख गर्दै शान्तिसेना लक्षित इजरायली आक्रमणको निन्दा गरेको छ। इजरायलले दक्षिणी लेबनानमा विभिन्न स्थानहरू कब्जा गर्न युद्धविरामको उल्लङ्घन गर्दै निरन्तर आक्रमणहरू गरेको छ। यसै बिच सोमबार टायर जिल्लाको अल-बायदा गाउँमा भएको इजरायली आक्रमणमा दुई दाजु भाइको मृत्यु भएको बताइएको छ। इजरायली सेनाले आफ्नो पछिल्लो आक्रमणले हेजबुल्लाहको हतियार भण्डारणलाई लक्षित गरेको दाबी गरेको छ। लेबनानी अधिकारीहरूले इजरायलले मेसिनरी र निर्माण उपकरणसहित नागरिक पूर्वाधारमा आक्रमण गरेर पुनः निर्माणमा बाधा पुर्‍याएको आरोप लगाएका छन्। इजरायली आक्रमणमा ठूलो क्षति बेहोरेको हेजबुल्लाहले आफ्नो रक्षा गर्न तयार रहेको हेजबुल्लाहका नेता नईम कासिमले बताउनु भएको छ। यसैबीच, मध्यपूर्वका अमेरिकी दूत मोर्गन ओर्टागस लेबनानी नेताहरूसँगको बैठकका लागि सोमबार बेरुत आइपुग्नु भएको छ भने वासिङ्टनले हेजबुल्लाहलाई निरस्त्रीकरणका साथै राष्ट्रिय सेनामा एकीकृत गर्न निरन्तर आह्वान गरिरहेको छ।

# बागमती प्रदेशमा मन्त्रालयको संख्या १४ बाट सातमा झार्ने तयारी

बागमती, ११ कात्तिक (रासस)।

बागमती प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या घटाउने तयारी थालेको छ।

खर्च कटौती र आर्थिक मितव्ययी अपनाउने निर्णय गरेको प्रदेश सरकारले हाल कायम रहेको प्रदेश मन्त्रालयको सङ्ख्या १४ बाट सातमा झार्ने तयारी थालेको छ। प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले प्रदेश सरकारलाई मन्त्रालयको सङ्ख्या घटाउन माग गर्दै केही दिनअघि ज्ञापनपत्र बुझाएको थियो।

प्रमुख प्रतिपक्ष दलको ज्ञापनपत्रपश्चात केही दिनअघि बसेको सत्तारुढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको संयुक्त बैठकमा प्रदेश सरकारको मन्त्रालय घटाउने विषयमा सहमति भएपछि सरकार मन्त्रालयको सङ्ख्या घटाउने गृहकार्यमा जुटेको हो।

"सत्तारुढ दलको संयुक्त बैठकमा मन्त्रालयको सङ्ख्या घटाउने सैद्धान्तिक सहमति भएसँगै सरकारले एउटा समिति नै बनाएर यस विषयमा अध्ययन सुरु गरिसकेको छ", मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भन्नुभयो, "मन्त्रालयको सङ्ख्या कति घटाउने ? कुनकुन मन्त्रालय राख्ने ? कुनकुन मन्त्रालय समायोजन गर्ने, कर्मचारी व्यवस्थापन कसरी गर्नेलगायतका विषयमा समितिले अध्ययन गरिरहेको छ।" प्रदेश सरकारको मन्त्रालयको घटाउने विषयमा दलहरू सहमत रहेकाले मन्त्रालयको सङ्ख्या घटाउने विषयमा ठोस निर्णयमा पुग्नका लागि हामीले प्रक्रिया सुरु गरिसकेका छौँ, मुख्यमन्त्री बानियाँको भनाइ छ।

खर्च कटौती र सुशासन प्रदेश सरकारको प्रमुख प्राथमिकता भएकाले मन्त्रालय र संरचनाको विषयमा दलहरूसँग छलफल गरेर साझा धारणा निर्माण गरी यसलाई तार्किक निष्कर्षमा पुर्‍याउने मुख्यमन्त्री बानियाँले बताउनुभयो।

"अहिलेको परिस्थिति फेरिएको छ, हामी केबल मन्त्रालयको सङ्ख्या घटाउने भनेर मात्र होइन, कसरी व्यवस्थापन गर्ने भन्नेमा केन्द्रित छौँ", मुख्यमन्त्री बानियाँले भन्नुभयो, "पहिलो चरणमा दलीय सहमति जुटाउने र त्यसपछि विज्ञहरूको सुझाव सल्लाहअनुसार मन्त्रालयको सङ्ख्या घटाउने र व्यवस्थापन गर्ने निचोडमा पुग्छौँ", मन्त्रालयको सङ्ख्या घटाउने विषय विशुद्ध प्रशासनिक सुधार र वित्तीय अनुशासनसँग जोडिएको विषय भएकाले दलीय सहमतिकै आधारमा टुङ्गो लगाउने मुख्यमन्त्री बानियाँले भन्नुभयो।

# मौसम पूर्वानुमान महाशाखाको पूर्वानुमान : 'देशभर वर्षा हुन्छ'

काठमाडौँ, ११ कात्तिक (रासस)।

हाल पश्चिमी वायुका साथै अरब सागरमा बनेको न्यून चापीय प्रणालीको प्रभाव रहँदा देशभर साधारणतया बदली रहने छ।

मंगलबार दिउँसो गण्डकी, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका केही स्थानहरूमा तथा बाँकी प्रदेशका पहाडी तथा हिमाली भूभागका केही स्थानमा मध्यम हिमपात र वर्षा हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा मंगलबार यहाँ जारी मौसम बुलेटिनमा उल्लेख छ।

साथै बाँकी तराईका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना छ। बागमती ,गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपात/वर्षाको पनि सम्भावना छ।

त्यसैगरी मंगलबार राति कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशलगायत बाँकी पहाडी भूभागमा साधारणतया बदली रही तराई भूभागमा आंशिक बदली रहनेछ। गण्डकी प्रदेशका केही स्थान तथा बागमती, लुम्बिनी र कर्णाली प्रदेशका पहाडी तथा हिमाली भूभागका केही स्थान तथा कोशी प्रदेशलगायत बाँकी पहाडी तथा हिमाली भूभागका एकदुई स्थानमा मध्यम हिमपात र वर्षाको सम्भावना रहेको छ। बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एकदुई स्थानमा भारी हिमपात र वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ।

# आगामी पुसमा बाघ गणना गरिने

चितवन, ११ कात्तिक (रासस)।

आगामी पुसमा बाघ गणना गरिने भएको छ। पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो।

बाघ गणनापछि गैँडा गणना गर्ने योजना रहेको जनाइएको छ। गत आर्थिक वर्षमा अन्तिम अवस्थामा दाताले सहयोग गर्न नसक्ने जनाएपछि रोकिएको गैँडा गणना यस वर्ष गर्न लागिएको हो। यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बाघ गणनाका लागि बजेट विनियोजन गरेको छ।

हरेक चार-चार वर्षमा बाघ गणना गर्दै आएको छ। विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो। एकसिङ्गे गैँडा गणना चैत महिनामा गर्ने जनाइएको छ। गैँडा गणना गर्न तीन साता लाग्छ। निर्वाचन हुने भएकाले गैँडा गणनाका विषय भने अन्योल छ।

गैँडा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु राष्ट्रिय निकुञ्जमा गणना गरिनेछ। बाघ गणनाका लागि चालु आर्थिक वर्षमा विभागले रु १८ लाख विनियोजन गरेको छ। यसका लागि रु एक करोड ५० लाखभन्दा बढी खर्च हुने गर्दछ। गैँडा गणनाका लागि पनि विभागले रु १८ लाख नै विनियोजन गरेको छ। गैँडा गणना गर्न रु दुई करोड बढी खर्च लाग्ने गर्दछ। बाँकी रकमका लागि दाताहरूसँग सहयोग मागिने छ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वटा बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो। सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेराहरू राख्ने गरिन्छ। त्यो क्यामेराले बाघको फोटो खिच्ने गर्दछ। बाघहरूको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उहाँले जानकारी दिनुभयो। हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन्।

गैँडा गणना हात्तीमाथि चढेर प्रत्यक्ष अवलोकन गरी गर्ने गरिएको छ। यस पटक फरक विधि प्रयोग गर्ने विषयमा विभागले छलफल गरेको छ। नेपालमा सन् २००९, सन् २०१३, सन् २०१८ पनि बाघ गणना गरिएको थियो। सन् २००९ को गणनामा देशैभर १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा २३५ बाघ भेटिएका थिए।

सन् २०२१ मा गरिएको गैँडा गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७५२ गैँडा फेला परेका थिए। सन् १९६० को दशकमा गैँडाको सङ्ख्या घटेर करिब एक सयको हाराहारीमा झरेको थियो। नेपालमा सन् १९५० को दशकमा ८०० वटा गैँडा रहेको अनुमान छ। सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८, शुक्लाफाँटमा आठबाट बढेर १८ पुगेको थियो।

# 'कम्युनिष्ट पार्टी नेपाल' दल दर्ताका लागि निवेदन

काठमाडौँ, ११ कात्तिक (रासस)।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको 'कम्युनिष्ट पार्टी नेपाल'ले निर्वाचन आयोगमा मंगलबार दल दर्ताका लागि निवेदन दिएको छ।

आयोगको कार्यालय, बहादुर भवनमा पुगेर सो पार्टीका नेता सन्तोष बुढामगर, प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' सहितले दल दर्ताको निवेदन दिनुभएको हो। आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले निर्वाचनमा गएर दलहरूको समर्थन लिने लोकतान्त्रिक अभ्यासमा लागेकामा सो दलका नेता-कार्यकर्तालाई धन्यवाद दिनुभयो। आयुक्त भण्डारीले विशेष परिस्थितिमा आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभाको निर्वाचनलाई सफल तुल्याउन राजनीतिक दल र सम्बद्ध पक्षसँगको परामर्शमा आयोगले काम गर्ने विश्वास दिलाउनुभयो।

नेता विश्वकर्माले लोकतान्त्रिक आन्दोलनलाई पुनः सङ्गठित गर्दै मुलुकका विभिन्न कम्युनिष्ट पार्टीसँग एकता र सहकार्यका लागि वार्ता भइरहेको बताउनुभयो। उहाँले समाजवाद स्थापनाका लागि सिद्धान्तनिष्ठ सच्चा कम्युनिष्ट पार्टी र त्यसको नेतृत्वको प्रश्नमा आफूहरू केन्द्रित रहेको पनि जानकारी दिनुभयो।

विसं २०७७ फागुन २० गते सरकारसँगको सहमतिपछि विप्लव समूह तत्कालीन अर्धभूमिगत अवस्थाबाट मूलधारको राजनीतिमा आएको थियो।

# सार्वजनिक संस्थानलाई दुई समूहमा वर्गीकरण गरिने

काठमाडौँ, ११ कात्तिक (रासस)।

सार्वजनिक संस्थानलाई व्यावसायिक र रणनीतिक गरी दुई समूहमा वर्गीकरण गरिने भएको छ। सरकारद्वारा जारी 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२' अनुसार दुई समूहमा वर्गीकरण गर्ने जनाइएको हो।

गत असोज १२ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत उक्त नीतिअनुसार निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षेत्रका सार्वजनिक संस्थानलाई व्यावसायिक संस्थानमा वर्गीकरण गरिने उल्लेख छ।

सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्न वा निजी क्षेत्र संलग्न नभएको अत्यावश्यकीय सेवा प्रदान गर्ने संस्थानलाई रणनीतिक सार्वजनिक संस्थानका रूपमा अघि बढाइने भएको हो।

त्यसैगरी सबै सार्वजनिक संस्थानलाई कम्पनी मोडलमा लैजाने पनि नीतिमा उल्लेख छ। "सार्वजनिक संस्थान स्थापनाको कानुनी आधार परिवर्तन गर्दै सबै सार्वजनिक संस्थानलाई क्रमशः कम्पनीमा परिणत गरिनेछ", नीतिमा भनिएको छ। संस्थानहरूको नियमनकारी तथा सञ्चालनसम्बन्धी कार्य अलग रूपमा गर्ने, शेयर स्वामित्वका आधारमा सञ्चालकको प्रतिनिधित्व हुने व्यवस्था गर्नेलगायतका कार्यनीतिहरू पनि अघि सारिएका छन्।

संस्थानको आर्थिक कारोबारलाई पूर्णतः विद्युतीय बनाउने, नेपाल सरकारको नाममा रहेको शेयर स्वामित्वलाई सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा अभौतिकीकरण गर्ने, संस्थानको उद्देश्य र कार्यक्षेत्रमा स्वार्थको द्वन्द्व नहुनेगरी निजी क्षेत्रको प्रतिनिधित्व गराउनेलगायतका विषयहरू पनि नयाँ नीतिमा राखिएका छन्। संस्थानहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अनावश्यक र असान्दर्भिक दरबन्दी खारेज गरिनेसमेत उल्लेख छ।

सार्वजनिक संस्थानहरूको पदाधिकारी नियुक्तिसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पार्ने, गठन आदेश, प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने र विभिन्न कानुनद्वारा स्थापना गरिएका सार्वजनिक संस्थानलाई क्रमशः कम्पनी ऐन २०६३ बमोजिम कम्पनीमा परिणत गर्ने प्रक्रिया अघि बढाइने पनि नीतिमा उल्लेख छ।

पछिल्ला वर्षहरूमा सार्वजनिक संस्थानको प्रतिस्पर्धी र व्यावसायिक क्षमता कमजोर हुनु गएको छभने वित्तीय अवस्था बर्सेनि खस्कँदो छ। सार्वजनिक संस्थान स्थापनाको उद्देश्यबमोजिम गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन र वितरण सहज, सुलभ बनाउने र व्यवसायिक रूपमा प्रतिस्पर्धी बनाउने उद्देश्यसहित यो नीति जारी गरिएको हो।

हाल कायम ४५ वटा सार्वजनिक संस्थानमध्ये २० वटा सरकारको पूर्ण स्वामित्व र २५ वटा अधिकांश स्वामित्वमा सञ्चालित छन्। हाल छवटा संस्थानले कुनै व्यावसायिक कारोबार गरेका छैनन्भने दुईवटा निष्क्रिय अवस्थामा छन्। सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २८ वटा नाफामा छन्भने १५ वटा घाटामा छन्।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*